कर्मचारी पूर्णप्रशिक्षण बोर्ड **(Employees Retraining Board)**

अल्पसंख्यक जातीयहरूको लागि समानताको प्रबर्धनमा वर्तमान र योजना बनाइएको उपायहरू

| | | |
|---|---|---|
| सम्बन्धित सेवाहरू | ● | कर्मचारी पुनर्प्रशिक्षण बोर्ड (ERB) ले सीपहरू, गुणवत्ता, रोजगारी र श्रम शक्तिको प्रतिस्पर्धात्मकता बढाउनु को लागि ( उप डिग्री वा त्यो भन्दा मुनि शिक्षा प्राप्त गर्नेहरूको लागि) प्रशिक्षण पाठ्यक्रम र सेवाहरू प्रदान गर्दछ। फूल-टाइम प्रशिक्षण पाठ्यक्रमहरू कार्यजीवन उन्मुख हो, जसको उद्देश्य बेरोजगारहरूलाई उपयुक्त सीप प्रशिक्षण र रोजगार समर्थन सेवाहरूको माध्यमबाट रोजगार दिलाउनुमा सहायता गर्नु हो। पार्ट-टाइम व्यावसायिक सीपको पदोन्नती पाठ्यक्रमले श्रम शक्तिलाई उनीहरूको सीपहरू सुधार र पदोन्नती गर्नुको लागि सक्षम बनाउँछ। पार्ट-टाइम सामान्य सीपहरूको प्रशिक्षण पाठ्यक्रमहरूले, भाषा, गणना र सूचना प्रविधि जस्ता श्रम शक्ति को समग्र गुणवत्ताहरूलाई बढाउने उद्देश्य राख्दछ। |
| | ● | अल्पसंख्यक जातीयहरूको रोजगारमा सुधार ल्याउन अनि स्थानीय समुदायमा उनीहरूको एकीकरण सजिलो बनाउने विचारसित, ERB ले अल्पसंख्यक जातीयहरूको अभिलाषा र प्रशिक्षणको आवश्यकताहरू अनुकूल बनाउन मध्य 2007 देखि अंग्रेजीमा समर्पित प्रशिक्षण पाठ्यक्रमहरू प्रदान गर्दछ। |
| वर्तमानको उपायहरू | अल्पसंख्यक जातीयहरूको लागि समर्पित पाठ्यक्रमहरू | |

- 2010-11 मा, लगभग 400 अल्पसंख्यक जातीय प्रशिक्षार्थीहरूले 18 फूल-टाइम नियुक्ति-बद्ध पाठ्यक्रमहरू र 14 पार्ट-टाइम पाठ्यक्रमहरूमा भाग लिए।

- ERB ले "रोजगार प्रस्थान पाल" भन्ने रोजगार खोज-तलाश एकीकृत पाठ्यक्रम अल्पसंख्यक जातीयहरूको लागि तिनीहरूको स्थानीय रोजगार बाजार, कार्यस्थल संस्कृति, साथै रोजगार खोज-तलाश गर्ने माध्यमहरू र सीपहरूको बारेमा, बुझाइ र ज्ञान वृद्धि गर्नको लागि 2008-09 देखि अंग्रेजीमा संचालन गरेको छ।

- 2008-09 मा ERB ले भाषा शिक्षा र अनुसंधानको स्थायी समिति र व्यावसायिक प्रशिक्षण परिषद संग मिलेर अल्पसंख्यक जातीयहरूको लागि पार्ट-टाइम कार्यस्थल केनटोनीज प्रशिक्षण प्रदान गर्नको लागि एउटा पाईलट कार्यक्रम "कार्यस्थल चिनिया संचार" आरम्भ गरेको थियो। पाइलट योजना को अनुभवको आधारमा, ERB ले पाठ्यक्रमको विषयसूचीहरूको पुनरावृत्ति गरेको छ। अल्पसंख्यक जातीयहरूको लागि 2009-10 मा कार्यस्थल केनटोनीज प्रशिक्षण मा दुईवटा नयाँ पाठ्यक्रमहरूको विकास र आरम्भ गरिएको थियो।

- ERB ले अल्पसंख्यक जातीयहरूलाई चिनिया भाषाको प्रशिक्षण दिनलाई एउटा व्यवस्थित योजना को उपाय निकालेको छ। माथि उल्लेख गरेको दुई वटा कार्यस्थल केनटोनीज प्रशिक्षण बाहेक, तिनीहरूलाई सामाजिक एकीकरण र रोजगारीको लागि चाईनीजमा प्रवीणता प्राप्त गर्न र पदोन्नतीमा सहयोग गर्नको लागि दुई वटा चिनिया पढ्ने र लेख्ने सीपहरूको प्रशिक्षण पाठ्यक्रमहरू 2010-11 मा आरम्भ भयो।

- अल्पसंख्यक जातीयहरूको प्रशिक्षण र रोजगारी आवश्यकताहरू थाहा पाउनुको लागि साथै अल्पसंख्यक जातीयहरूलाई ERB पाठ्यक्रम सेवाहरू प्रचार गर्नुको लागि रणनीतिहरूमा सल्लाह दिन ERB ले जून 2008 मा दुई अलग ध्यान केन्द्रित समूहहरूको स्थापना गरेको छ। ध्यान केन्द्रित समूहहरूको प्रतिनिधिहरूमा अल्पसंख्यक जातीयको समूहरू, गैर सरकारी संस्थाहरू, प्रशिक्षण निकायहरू (TBs) र रोजगारदाताहरू सामिल छन्

- ध्यान केन्द्रित समूहहरूको सल्लाहमा र TBs द्वारा पेश गरिएको प्रस्तावहरूको आधारमा, 13 फूल-टाइम र 17 पार्ट-टाइम पाठ्यक्रमहरू 2011-12 मा प्रदान गरेको छ। त्यसमा समावेश छन् आवश्यकता अनुसार तैयार गरिएको युवा प्रशिक्षण कार्यक्रम जसको उद्देश्य बेरोजगार 15-20 वर्षको अल्पसंख्यक जातीयको युवाहरू हो र सबै मिलाएर चार विभिन्न वर्गको सीपहरूको प्रशिक्षणको प्रस्तावहरू प्रदान गर्दछ।

विशेष उपाय र सहायता सेवाहरू

- ERB ले अल्पसंख्यक जातीयहरूको लागि समर्पित प्रशिक्षण पाठ्यक्रमहरूको लागि न्यूनतम कक्षा साइजको सम्बन्धमा लचिलोपन देखाई रहेको छ।

- शिक्षण र विद्या-प्राप्ति सजिलो बनाउनलाई आवश्यक र उपयुक्त भएको कक्षामा अंग्रेजी र अल्पसंख्यक जातीय भाषाहरू बोल्न सक्ने शिक्षण सहायकहरू द्वारा दोभाषे सेवाहरूको प्रबन्ध गरिएको छ।

- अल्पसंख्यक जातीय प्रशिक्षार्तीहरू जसले नियुक्ति पाठ्यक्रमहरू सिध्याइसकेको छ, उनीहरूलाई छ महिनाको नियुक्ति अनुवर्ती सेवा प्रदान गरिएको छ, जबकि अन्य प्रशिक्षार्थीहरूको लागि सामान्य रूपमा तीन-महिनाको नियुक्ति अनुवर्ती अवधि प्रदान गरिएको छ।

- अल्पसंख्यक जातीय लक्ष्य समूहको आवश्यक पूरा गर्नुलाई TBs लाई अझै नयाँ पाठ्यक्रमहरूको विकासको लागि प्रोत्साहित गर्न भनेर, ERB ले अल्पसंख्यक जातीयहरूको लागि समर्पित पाठ्यक्रमहरू समावेश गर्नुको लागि आफ्नो वर्तमानको पाठ्यक्रम विकास प्रोत्साहन योजनाको आवरण विस्तृत गरेको छ। 2010-11 सम्म, ERB ले TBs द्वारा पेश गरेको छ वटा पाठ्यक्रमहरूको प्रस्तावहरू अनुमोदित गरिसकेका छन् ।

- अल्पसंख्यक जातीयहरूलाई उपलब्ध प्रशिक्षण अवसरहरूको सचेत बढाउनको लागि, अल्पसंख्यक जातीयहरूलाई विभिन्न माध्यम द्वारा अल्पसंख्यक जातीय समूहहरूलाई वितरणको लागि ERB ले अंग्रेजी अनि छ वटा अल्पसंख्यक जातीय भाषाहरूमा (हिन्दी, उर्दू, नेपाली, इन्डोनेशियन, तागालोग, अनि थाई सहित) प्रचार सामग्रीहरू (सूचीपत्र, पोस्टर, पत्र अनि बेरिएको-झण्डा सहित) जारी गरेको छ। अल्पसंख्यक जातीयहरू माथि लक्ष्य राखिएको विभिन्न समचारपत्रहरूमा पाठ्यक्रमहरूको विज्ञापन राखिएका छन्।

- अल्पसंख्यक जातीयहरुकोमा पुग्न र उनीहरूको आवश्यकताहरूको अन्दाज गर्न, ERB को कर्मचारीहरूले अल्पसंख्यक जातीयहरूको सांस्कृतिक र धार्मिक सम्मेलनहरुमा

लगातार भेटघाट गरी रहन्छन् ।

- ERB ले अल्पसंख्यक जातीयहरू र नियोक्ताहरूलाई लक्षित गरी जिल्ला-आधारित प्रचार गतिविधिहरू चलाउनकोलागि TB हरूलाई प्रायोजक गर्छन् । ERB ले अल्पसंख्यक जातीयहरुकोमा पुग्नकोलागि अझै धेरै माध्यमहरुको निरन्तर खोज गरी रहनेछ ।

- प्रचारको प्रयास अझै बढाउनुको लागि, ERB ले अल्पसंख्यक जातीयहरूलाई ERB मा जानकारी प्रसार गर्नुको लागि गृह मंत्रालय विभाग द्वारा कोष दिइएको NGO हरू द्वारा संचालित अल्पसंख्यक जातीयहरूको लागि क्षेत्रीय समर्थन सेवा केन्द्रहरू संग निकट सम्पर्कमा रहेको छ।

- शाम शुइ पो र क्वुन तोङ्गको ERB सेवा केन्द्रहरूमा अल्पसंख्यक जातीयहरूलाई उनीहरूको विशेष आवश्यकताहरू पूरा गर्नुको लागि लक्ष्य राखिएको समर्थन सेवाहरू प्रदान गरिन्छ। अल्पसंख्यक जातीय समूहहरूले एउटा विस्तृत श्रृंखलाको सेवाहरू र सुविधाहरूको उपयोग गर्नु सक्नेछन्, साथै केन्द्रहरूले प्रदान गरेका कार्यशालाहरूमा भाग लिनु सक्नेछन्। जानकारी बाड्नको लागि अनि अल्पसंख्यक जातीयहरू बीच आपसी सहयोगलाई सुविधाजनक बनाउनको लागि आपसी सहयोग समूहहरूको गठन गरिएको छ। उनीहरूको आवश्यक्ताहरू पूरा गर्नुको निम्ति प्रशिक्षण र समाज सेवा सुविधाहरू प्रदान गरिएको छ।

<u>कर्मचारीको प्रशिक्षण</u>

- अल्पसंख्यक जातीयहरूको संस्कृति बुझ्नुमा जोड दिनुको लागि अनि अल्पसंख्यक जातीयहरूको सेवा प्रदान गर्नुमा कर्मचारी संवेदनशीलताको प्रवर्तन गर्नुको लागि, हङकङमा जुलाई 2008 अनि जनवरी 2010 मा ERB ले ERB मा सीमावर्ती कर्मचारीहरूको लागि संगठन अनि त्यसको TBs सँग सहकार्यमा सांस्कृतिक विशेषताहरूमा चार सत्रहरूको कार्यशाला आयोजना गरेका छन्। सांस्कृतिक सतर्कता ताजा राख्न र अल्पसंख्यक जातीयहरूलाई बुझ्नुको लागि ERB अनि TB कर्मचारी बीच यस किसिमका कार्यशालाहरू प्रत्येक वर्ष आयोजित गर्नेछन्।

- मई 2009 अनि मार्च 2010 मा ERB ले आफ्नो TBs को एजेंसीको टाउकेहरू अनि ERB कर्मचारीको लागि चार-प्रशिक्षण सत्रहरू संचालन गरेको थियो। सत्रहरूमा, सहभागीहरूलाई समान अवसर आयोग (EOC) को प्रशिक्षण अधिकारीहरू द्वारा व्यावसायिक प्रशिक्षण माथि विशेष ध्यान दिएर जातीय भेदभाव अध्यादेश (RDO) को बारेमा जानकारी दिइएको थियो। नयाँ नियुक्ति भएका TBs को लागि, र RDO को आवेदनमा अनुभव बाड्नको लागि अनि EOC द्वारा जारी गरिएको संहिताको अभ्यासको लागि ERB द्वारा यस किसिमको प्रशिक्षण सत्रहरू वार्षिक आयोजना गरिनेछ।

भविष्यको कार्यको मुल्याङ्कन

- ERB ले आफ्नो हालको उपाय र समर्थन सेवाहरू माथि अल्पसंख्यक जातीय समूहहरूको विचारको मानदंड लिनु जारी राख्नेछ र तिनीहरूको प्रशिक्षण आवश्यकताहरूसित मिल्दो समर्पित पाठ्यक्रमहरू र सेवाहरूको विकास गर्नेछ।

लिएका/ लिनु पर्ने थप

- 2010-11 मा, ERB ले अल्पसंख्यक जातीयहरू जसले केनटोनीज बुझ्दछ उनीहरूको सहभागिता सजिलो बनाउन को

उपायहरू लागि छानिएको साधारण अथवा गैर-समर्पित पाठ्यक्रमहरूको अंग्रेजीमा नियम पुस्तिकाहरू उपलब्ध गराउनु शुरू गरिसकेको छ (जसमा कि निर्देशनको माध्यम केनटोनीज हुनेछ)। दसवटा यस्तो प्रकारको पाठ्यक्रमहरूको प्रस्ताव 2011-12 मा गरिनेछन्, जसमा कि विभिन्न उद्योगहरू जसमा होटेल, कारोबार, स्वास्थ्य सम्बन्धि सेवाहरू, र सूचना र संचार प्रविधिहरू समावेश गरेर समेटिएको छ।

- ERB ले प्रशिक्षार्थीहरूको र TBs को प्रतिक्रियाहरूलाई महत्व दिदैं साथै बाजारको माग अनुसार अल्पसंख्यक जातीयहरूकोलागि प्रशिक्षणको विषय सूचीहरू र कार्यक्रमहरूको वृद्धि गर्नुको लागि आयोजना गरिएको समर्पित पाठ्यक्रमहरूको परिणाम पुनर्विचारको लागि राखिनेछ।

कर्मचारी पूर्णप्रशिक्षण बोर्ड *(Employees Retraining Board)*

जून *2011*